


# अध्याय - १

## भजनसंग्रहको पुस्तक कसरी पढ्ने

यस अध्यायका मूल पदहरू: १ इतिहास १६:७; नेहमिया १२:८; भजन २५:१-५; भजन ३३:१-३; रोमी ८:२६,२७ र भजन १२१:७।

<u>यस अध्यायको मूल सार पद:</u> *"अनि उहाँले तिनीहरूलाई भन्नुभयो, 'जब म तिमीहरूसँगै थिएँ यी वचनहरू तिमीहरूलाई बोलेको थिएँ: मोशाको व्यवस्था र अगमवक्ता र भजनसंग्रहले मेरो बारेमा लेखेका भविष्यवाणीहरू पूरा हुनैपर्छ।' अनि तिनीहरूले धर्मशास्त्रहरू बुझोस् भनेर उहाँले तिनीहरूको समझशक्ति खोलिदिनुभयो।" लूका २४:४४,४५ रूपान्तरित।*

युगौं युगदेखि भजनसंग्रहको पुस्तक यहूदी र इसाईहरूको निम्ति प्रार्थनाको पुस्तक र भजनको पुस्तक भइरहेको छ। भजनसंग्रहका लेखकहरूले भजनहरूद्वारा आफ्नै शब्दहरूले परमेश्वरको बारेमा प्रवल वा प्रभावकारीरूपमा सम्बोधन गरेकाछन्। भजनसंग्रह कुनै मानिसले कुटीमा ध्यान गरेर आफ्नै सोचले रचिएको होइन। यो परमेश्वरबाटै उब्जिएका भजनहरू हुन्। लेखकहरूलाई उहाँको बारेमा विभिन्न भावनाहरू व्यक्त गर्न उहाँले नै तिनीहरूका बिचारहरूलाई प्रेरणा दिनुभएको थियो।

हो, तिनीहरूले जे लेखे सो प्रभुले नै प्रेरणा दिएर लेखेका थिए। त्यसैकारण, सबै धर्मशास्त्रमा जस्तै (२ पत्रुस १:२१) भजनसंग्रहद्वारा पनि परमेश्वरले उहाँका सेवकहरू र उहाँको पवित्र आत्माले हामीसँग बोल्नुहुन्छ। येशू, प्रेरितहरू र नयाँ करारका लेखकहरूले भजनसँग्रहबाट धेरै अंशहरू

उतारेका थिए र तिनीहरूलाई धर्मशास्त्र भनेर सम्बोधन गरेका थिए (मर्कूस १२:१०; यूहन्ना १०:३४,३५; यूहन्ना १३:१८)। उत्पत्ति र रोमीका पुस्तकहरूलाई जस्तै भजनसँग्रहको पुस्तकलाई पनि परमेश्वरको वचन भनेर येशू र नयाँ करारका लेखकहरूले ठोकुवा गरेका थिए। पौराणिक इस्राएलका विभिन्न लेखकहरूले रचिएको हिब्रू भाषाको कविता भजनसंग्रह हो। त्यसकारण भजनसंग्रहले त्यसबेलाको संसारलाई प्रतिबिम्बित गर्दछ, तैपनि यसमा लेखिएका सन्देशहरू विश्वव्यापी र समयसापेक्षित छ। भजनसंग्रहलाई परमेश्वरको वचन भनेर ठोकुवा गरेर स्वीकार गर्नुपर्छ। यो कविताको लयमा लेखिएको हुनाले यसको कविता साहित्यको रसलाई पिउन सक्नुपर्छ। यस पुस्तकमा इतिहास कोरिएको छ, यसमा ईश्वरीय विज्ञान छ। यो प्रार्थनाको भावनामा लेखिएको छ। यसमा भएको मौलिक सन्देशहरूलाई बुझ्नुपर्दछ। हजारौं वर्षदेखि आजसम्म यसमा व्यक्त गरिएका मर्महरू हृदयस्पर्सी छन्।

## १. पौराणिक इस्राएलमा आराधनाको निम्ति प्रयोग गरिएको भजनसंग्रह

**कुन अवसरहरूको निम्ति भजनसंग्रह लेख्न उत्साहित भएको थियो र परमेश्वरका जनहरूले कहिले प्रयोग गरेका थिए भनेर देहायका पदहरूले यसरी बताउँछन्:"** बनायाह अनि यहजीएल पूजाहारीहरू थिए जसले सदैव करारको सन्दूक अघि तुरही बजाउथे।

यो त्यसबेला थियो जब दाऊदले पहिलो पल्ट आसाप अनि उनका भाइहरूलाई परमप्रभुको स्तुतिगान गर्ने काम दिएका थिए।

"परमप्रभुको स्तुति गर। उहाँको नाउँ पुकार। मानिसहरूलाई ती महान कार्यहरूको बारेमा भन जो परमप्रभुले गर्नु भएको छ। परमप्रभुको निम्ति गाओ। परमप्रभुको निम्ति स्तुति गान गर। उहाँका आश्चर्यकर्महरूको विषयमा सुनाऊ। परमप्रभुको पवित्र नाउँको गौरव गर। परमप्रभु तर्फ आउने सबै मानिसहरू, प्रसन्न होऊ। "१ इतिहास १६:६-१०; "लेवीहरू येअ, बिन्नूई, कदूमीएल, शेरेबियाह, यहूदा अनि मत्तन्याह थिए। अनि उनका सहयोगीहरू धन्यवाद ज्ञापन गीतका जिम्मामा थिए।"; "उनले (दाउद) भने, “हे परमप्रभु, मेरो शक्ति ले म तपाईंलाई प्रेम गर्छु!” परमप्रभु मेरो चट्टान हुनुहुन्छ, मेरो किल्ला हुनुहुन्छ। मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ।” मेरो परमेश्वर, मेरो चट्टान हुनुहुन्छ म उहाँकहाँ सुरक्षाको लागि दगुरेर जान्छु। परमेश्वर मेरो ढाल हुनुहुन्छ उहाँको शक्तिले मलाई बचाउँछ। परमप्रभु उच्च पर्वतहरूमा मेरो

सुरक्षास्थल हुनुहुन्छ।" भजन १८:१,२; "सङ्कष्टहरू परेको बेलामा परमप्रभुले तिम्रो गुहारलाई सुन्नु भएको होस्। याकूबका परमेश्वरले तिम्रो रक्षा गर्नु भएको होस्। उहाँको पवित्र स्थानबाट परमप्रभुले तिमीलाई सहायतामा पठाउनु भएको होस्। उहाँले सियोनबाट तिमीलाई मद्दत दिऊन्। तिमीले अर्पण गरेका सम्पूर्ण उपहारहरू परमेश्वरले सम्झना गरून्। उहाँले तिम्रा सबै बलिहरू स्वीकार गरून्।" भजन १८:१-३; " हे परमप्रभु, तपाईंले मलाई मेरो संकटहरूबाट माथि उठाउनु भयो। तपाईंले मेरो शत्रुहरूलाई जित्न दिनु भएन र मप्रति हाँसो उडाउन दिनु भएन। यसैले तपाईं प्रति म सम्मान जनाउँदछु। हे परमप्रभु, मेरो परमेश्वर, मैले तपाईंलाई प्रार्थना गरें र मलाई निको पार्नु भयो। " भजन ३०:१,२ ; "बिहानको बेलामा तपाईंको प्रेम बारे गाउनु असल हो, अनि रातमा तपाईंको विश्वास बारेमा गाउनु असल हो। परमेश्वर, दश तारे बाजाहरू, वीणा र सारङ्गीहरू तपाईंको लागि बजाउनु असल कुरा हो। " भजन ९२:१-३; "आऔं, परमप्रभुको गुण-गान गरौं। चट्टान प्रति, ठूलो स्वरमा गुण-गान गरौं जसले हामीलाई बचायो। परमप्रभु प्रति धन्यवादको गीत गाऊ। उहाँप्रति आनन्दमय प्रशंसाको गीत गाऊ।" भजन ९५:१-२; "परमप्रभुलाई धन्यवाद देऊ। उहाँको नाउँ उपासना गर। सबै जाति-जाति मानिसहरूलाई ती अचम्भ लाग्दा कुराहरूको बारेमा भन जुन उहाँले गर्नुहुन्छ। परमप्रभु प्रति भजन गाओ, उहाँको प्रशंसा गर। उहाँले गर्नु भएको अलौकिक कुराहरूको बारेमा बताऊ। जो उहाँले गर्नुहुन्छ। " भजन १०५:१,२; "ख्रीष्टको संदेश तिमीहरूभित्र समृद्ध भावमा रहोस्। एक-अर्कामा शिक्षा दिनु र दृढ बनाउन सम्पुर्ण बुद्धि खटाऊ। परमेश्वरलाई हृदयले धन्यवाद चडाउँदै भजन, गीत र आत्मिक स्तुतिहरू गाऊ। तिमीहरू जे पनि बोल्छौ, जे गर्छौ तिम्रो प्रभु येशूको लागि गर येशूद्वारा पिता परमेश्वरलाई धन्यवाद देऊ।" कलस्सी ३:१५,१६; "यदि तिमीहरू मध्ये एक जनाले कष्टहरू भोगिरहेको छ भने उसले प्रार्थना गर्नु पर्छ अनि यदि तिमीहरू मध्ये एकजना सुखी छ भने, उसले गीतहरू गाउनु पर्छ।" याकूब ५:१३।

सामाजिक र व्यक्तिगत आराधना कार्यक्रमको निम्ति भजनसंग्रह रचेका थिए। परमेश्वरको पवित्र मन्दिरमा भजनहरू गाउन ती भजनसंग्रह रचेका थिए। ती भजनहरू केवल पाठ गर्नेमात्र नभएर गीतै गाएर प्रभुको स्तुतिप्रशंसा गरिन्थ्यो। त्यहाँ बाजाहरू हुन्थ्यो (भजन ६१:१), धुनहरू हुन्थ्यो (भजन ९१:१) र सङ्गीत कार्यक्रम गर्न अगुवाहरू हुन्थे (भजन ८:१)।

हिब्रू भाषाको बाइबलमा भजनसंग्रहको शिर्षकलाई टेहिलिम tehilim

राखिएको छ। यसको अर्थ परमेश्वरको स्तुतिप्रशंसाहरू हो। शिर्षकले नै त्यस पुस्तकको लक्षलाई सम्बोधन गर्दछ। अङ्ग्रेजी भाषामा भजनसंग्रहको पुस्तक ग्रीक भाषाको सामोइ psalmoi बाट आएको हो। यो सेप्टुजिन्ट बाइबलबाट उतारेको हो। यो हिब्रू बाइबलको ग्रीक भाषामा अनुवाद गरिएको हो। यो दोस्रो र तेस्रो ई.पू. शताव्दीको काम थियो।

इस्राएलीहरूले गर्ने आराधना कार्यक्रममा भजनहरू गाउनु अत्यन्तै आवश्यक थियो। उदाहरणमा, मन्दिर समर्पणमा, धार्मिक पर्वहरूमा, जुलुसमा र यरुशलेममा करारको सन्दुक ल्याएको समयमा भजनहरू गाएका थिए। "यात्राहरूको निम्ति भजन" (भजनसंग्रह १२०-१३४) भन्ने भजनहरू इस्राएलीहरू यरुशलेममा तिर्थ यात्रा गर्नेबेलामा गाउँने परम्परा थियो। यरुशलेममा तीन मूख्य बार्षिक पर्वमा इस्राएलीहरू भेला हुन्थे (प्रस्थान २३:१४-१७)। "मिश्र देशबाट आउँदा गाएको भजन जसलाई "इजिप्टशियन हालेल' (Egyptian Hallel) (भजन ११३-११८) भनिन्छ र तीन मूख्य वार्षिक पर्वमा गाउने भजनलाई महान् हालेल "The great Hallel" (भजन १३६) भनिन्छ। यी भजनहरू औंशी र मन्दिरको समर्पणमा गाउँथे। मिश्र हालेलले निस्तार चाडमा गाउने मूख्य भजन थियो। निस्तार चाडको भोज सुरु हुनुभन्दा अघि भजन ११३-११४ गाउँथे भने भजन १४५-१५० भोजको अन्तमा गाइन्थ्यो (मत्ती २६:३०)। "दैनिक हालेल" (भजन १४५-१५०) पवित्र सभाघर वा सिनिगगमा हुने बिहानका प्रार्थनाहरूमा गाउँथे। केवल आराधना वा उपासना गर्ने बेलामामात्र भजन गाउँदैनथ्यो, तर भजनहरूले परमेश्वरको मन्दिरमा आराधना कसरी गर्ने भनेर पनि सिकाइन्थ्यो। भजन २२लाई उतारेर येशूले प्रार्थना गर्नुभएको थियो (मत्ती २७:४६)। सुरुको चर्चको जीवनमा पनि भजनसंग्रहले उल्लेखनीय भूमिका खेलेको थियो (कलस्सी ३:१६, एफिसी ५:१९)।

***पौराणिक इस्राएलमा जस्तो पृथ्वीको मन्दिर वा पवित्र स्थानमा परमेश्वरको आराधना हामी गर्दैनौं, तैपनि हाम्रो आफ्नै आराधनामा भजनसंग्रहलाई कसरी उपयोग गर्ने, चाहे व्यक्तिगतमा होस् वा भेलामा होस्?***

## २. भजनसंग्रहका लेखकहरू

भजनसंग्रहको धेरैजसो शिर्षकहरूमा राजा दाउदको नाउँ उल्लेख गरेको पाइन्छ। इस्राएलको आराधना समारोहमा भजनहरू रचेर गाउन दिन उनी

सक्रिय थिए। उनी इस्राएलको अत्यन्तै मिठो भजन रचयीताको नाउँमा प्रख्यात छ (२ शमूएल २३:१)। विभिन्न भजनहरू रचना गर्ने दाउद नै हुन् भनेर नयाँ करारले समर्थन गरेको पाइन्छ (मत्ती २२:४३-४५; प्रेरित २:२५-२९३४,३५; प्रेरित ४:२५; रोमी ४:६-८)। मन्दिरमा सेवा गर्ने सङ्गीतकारहरूले धेरै भजनहरू रचेका थिए। ती सङ्गीतकारहरू लेबी कूलका थिए। उदाहरणमा, भजन ५० र ७३-८३का रचयीता आसाफ थिए; भजन ४२, ४४-४९, भजन ८४–८५ र भजन ८७–८८का रचयीताहरू कोराका छोराहरू थिए; भजन ८८को रचयीता इज्राहाइट (एज्राको बंश) हीमान थिए; र भजन ८९ पन इज्राइट बंशको इथान थिए। ती बाहेक सोलोमन (भजन ७२, भजन १२७) र मोशाले (भजन ९०) भजनहरू रचेका थिए।

**देहायका भजनहरू पढ्नुहोस्। ती भजनका लेखकहरू कुन परिस्थितिहरूमा गुज्रिरहेका थिए भनेर ती भजनहरूले कसरी बताउँछ? हेर्नुहोस्:**

**भजन २५:१-५** "हे परमप्रभु, म स्वयंलाई नै तपाईंकहाँ अर्पण गर्दछु। हे मेरो परमेश्वर, म तपाईंमाथि भरोसा गर्छु र म कहिले निराशा हुने छैन। मेरा शत्रुहरू ममाथि हाँस्ने छैनन्। यदि कुनै मानिसले तपाईंमाथि भरोसा गर्छ भने त्यो कहिल्यै निराश हुने छैन। तर विश्वासघातीहरू निराशा हुनेछन्। तिनीहरूले केही पनि पाउने छैनन्। हे परमप्रभु, मलाई तपाईंको पथ निर्देशन गर्नुहोस्। मलाई तपाईंको शिक्षा सिकाउनुहोस्। बाटो देखाउनु होस् र मलाई तपाईंको सत्यताहरू सिकाउनुहोस्। तपाईं मेरो परमेश्वर हुनुहुन्छ, मुक्तिदाता हुनुहुन्छ। म दिनहुँ तपाईंमा भरोसा गर्दछु।"

भजन ४२:१,२ "हे परमप्रभु, जसरि एउटा हरिण खोलाको पानी पिउन तिर्खाएको हुन्छ। त्यसरी नै मेरो आत्मा तपाईंको लागि तिर्खाएको हुन्छ, परमप्रभु। मेरो प्राण जीवित परमेश्वरको लागि तिर्खाउँछ। म उहाँलाई भेटन कहिले जान सक्छु?"

भजन ७५:१-३ "हे परमेश्वर, हामी तपाईंको प्रशंसा गर्दछौं! हामी तपाईंको प्रशंसा गर्छौं। तपाईं छेउमा हुनुहुन्छ अनि मानिसहरूले तपाईंले गर्नु भएको अचम्मका कुराहरूका बारेमा भन्दछन्। परमेश्वर भन्नुहुन्छ, "म न्यायको ठीक समय छान्नेछु म निष्पक्ष न्याय गर्नेछु। यद्यपि पृथ्वी र यसमा भएका सम्पूर्ण चीजहरू हल्लिरहेका छन् र धराशायी हुन तयार छ, तर म यसलाई स्थिरपार्छु।" भजन ७७:१-५ "मैले ठूलो-ठूलो आवाजले कराएर परमेश्वरलाई गुहार मागें। हे परमेश्वर, मेरो रोदन सुनिदिनु होस्! मेरो स्वामी, जब म

संकटमा परें म तपाईं कहाँ आएँ तपाईंलाई पाउने प्रयासमा म रातभरी जागें र पनि आत्मामा शान्ति भएन। मैले परमेश्वरको बारेमा सोचें, अनि आफ्नो हालत बताउने प्रयास गरें, तर मैले सकिनँ। तपाईंले मलाई सुत्न दिनु भएन म केही भन्न चाहन्थे तर म एकदम हताश थिएँ।

मैले बितेका कुराहरू सम्झिरहेको थिएँ। धेरै अगाडि हुन गएको घटनाहरू सम्झिरहेको थिएँ। "

भजन ८४:१-३ "हे सेनाहरूका परमप्रभु! तपाईंको मन्दिर साँच्चि नै प्रिय छ। हे परमप्रभु, म तपाईंको मन्दिर भित्र पस्न इच्छा गर्दछु। म एकदमै उत्तेजित छु। मेरा प्रत्येक अंग शाश्वत परमेश्वरसँग लिप्त हुन चाहन्छन्। हे सेनाहरूका परमप्रभु, मेरो राजा, मेरो परमेश्वर, चराहरू सम्मले तपाईंको मन्दिरभित्र आश्रय पाए। तपाईंको वेदीको छेउमा आफ्नो गुँड बनाउँछन् अनि तिनीहरूले त्यहीं आफ्ना बच्चाहरू हुर्काउँछन्।"

भजन ८८:१-९ "हे परमप्रभु, परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ, रातदिन म तपाईंलाई प्रार्थना गरिरहेकोछु। मेरो प्रार्थनाहरू प्रति कृपया ध्यान दिनुहोस्। कृपादानको निम्ति मेरो प्रार्थना सुनी दिनुहोस्। मेरो प्राणसँग प्रशस्त त्यस्तो पीडा छँदै थियो! म चाँडै मर्ने छु। मानिसहरूले मलाई मृत मानिस अथवा बाँच्नु परेको एकदम कमजोर, हीन मानिस जस्तो व्यवहार गर्दछन। मृत मानिसहरूको माझमा मलाई खोज्नु होस्। म चिहानमा लडिरहेको मुर्दा जस्तो छु। तपाईंले भुल्नु भएका मरिसकेका मानिसहरू माझ म एक हुँ। तपाईंबाट अलग्ग र हेलचेक्राईं भयो। तपाईंले मलाई धर्तीको त्यो प्वालमा राख्नु भयो। हो तपाईंले मलाई त्यस्तो अन्धकार ठाउँमा राख्नु भयो। परमेश्वर, तपाईं मसँग रिसाउनु भएको थियो, अनि मलाई सजाय दिनुभयो। मेरो साथीहरूले मलाई छाडी गए। सबैले मलाई अछुत व्यक्ति जस्तो छि-छि, दूर-दूर ब्यवहार गरे। म त्यस घरमा बन्द थिएँ अनि बाहिर जान सक्तिनथिएँ। मेरा आँखाहरू मेरो सम्पूर्ण दुःखहरूमा रूदाँ-रूदाँ पोल्न थालिसक्यो। हे परमप्रभु, म तपाईंलाई अटूट प्रार्थना गर्छु मेरो पाखुराहरू तपाईं प्रति प्रार्थनामा उठ्छन्।"

भजन ८९:१-३ "म सदा परमप्रभुको निम्ति प्रेमको गीत गाउनेछु र उहाँको विश्वासको प्रशंसा सदा-सर्वदा गर्नेछु। हे परमप्रभु, म तपाईंमा साँचो रूपमा विश्वास गर्दछु कि तपाईंको प्रेम अनवरत छ। तपाईंको विश्वास आकाश झै व्यापक छ। परमेश्वर भन्नुहुन्छ, "मैले चुनेका राजासँग करार गरेको छु, मैले मेरो दास दाऊदसँग कसम खाएँ।"

भजनसंग्रहका लेखकहरूलाई पवित्र आत्माले नै प्रेरणा गर्नुभएको थियो। तिनीहरूमा भएका प्रतिभा तथा क्षमताहरू परमेश्वरको सेवाको सेवाको निम्ति प्रयोग गरेका थिए। तिनीहरूले विश्वासीहरूको समाजलाई पनि सेवा पुऱ्याएका थिए। भजनसंग्रहका लेखकहरू परमेश्वरलाई भित्री हृदयदेखि नै सकली अर्पित गरेका थिए र तिनीहरूका विश्वास अत्यन्तै उल्लेखनीय थियो। तिनीहरूले अनेकौं निराश, परिक्षा र प्रतिद्वन्दीहरूको सामना गर्नुपरेका थिए। यस मामिलामा हामी पनि अछुतो छैनौं। भजनसंग्रह धेरै वर्ष अघि नै लेखेको भएतापनि, तिनीहरू कुनै पुराण वा धार्मिक पाठ गर्ने नभएर हामीले अहिले नै गरिरहेका कतिपय अनुभवहरू ती धेरै जसो भजनका कविताहरूले प्रतिबिम्ब गरेको वर्णन हो। " हे परमप्रभु, परमेश्वर, तपाईं मेरो रक्षक हुनुहुन्छ, रातदिन म तपाईंलाई प्रार्थना गरिरहेकोछु। मेरो प्रार्थनाहरू प्रति कृपया ध्यान दिनुहोस्। कृपादानको निम्ति मेरो प्रार्थना सुनी दिनुहोस्। मेरो प्राणसँग प्रशस्त त्यस्तो पीडा छुँदै थियो! म चाँडै मर्ने छु।" यो क्रन्दन तीन हजार वर्ष अघिको मात्र नभएर अहिलेको २१सौं शताव्दीमा रहेको मानिसको हो।

कतिपय भजनका लेखकहरू अत्यन्तै कठिन, भयाभव र नाजुक परस्थितिमा गुज्रिरहेका थिए भने कतिपय भजनहरू खुशी र आनन्द भएर व्यक्त गरेका थिए। भजनसंग्रहका कतिपय लेखकहरूले परमेश्वसँग सहायताको निम्ति चित्कार गरेका थिए। आफूहरू अयोग्य भएतापनि परमेश्वरको निगाहाप्रति तिनीहरू कृतज्ञ थिए। परमेश्वरको विश्वसनीयता र प्रेमको निम्ति तिनीहरूले उहाँको महिमा गरेका थिए। अनि तिनीहरूले उहाँप्रति अटुट भक्तभावको दिन प्रतिवद्धता व्यक्त गरेका थिए। यथार्थमा भन्ने हो भने, भजनसँग्रह परमेश्वरको उद्धार दिने योजनाका गवाहीहरू थिए। परमेश्वरको अनुग्रह र आशाहरूलाई पनि ती भजनहरूले प्रकट गरेका थिए। विश्वासद्वारा परमेश्वरलाई ग्रहण गर्नेलाई उहाँका प्रतिज्ञाहरू तिनीहरूको हुन्छ भनेर यकिन गराएको छ। परमेश्वरको क्षमा र नयाँ जीवनको उपहारलाई सबैले उपभोग गर्नु उत्तम हुन्छ भनेर भजनका लेखकहरूले दावी गर्दछन्। फेरि त्यसैबखत यस पतित संसारमा परमेश्वरका जनहरूले पनि सामना गर्ने दुःख, कष्ट, कठिनाइ र तकलिफहरूलाई भजनसँग्रहका लेखकहरूले ढाकछोप गरेका छैनन्।

***भजनसंग्रहका रचयीता जस्तै परमेश्वरमाथिको विश्वासमा अटल रहनेहरू, अहिले हामीले सामना गरिरहेका संघर्षहरूबाट अलग भएका रहेनछन् भन्ने ज्ञानले हामीलाई कसरी आशा र सान्त्वना मिल्दछ?***

## ३. प्रत्येक अवसरको निम्ति भजन

**मानव जीवनमा वाध्य भएर चाहेर पनि नचाहेर दुःख र कष्टको अनुभव गर्नैपर्दछ। त्यसको साथै कतिपय समयमा सुख र आनन्दको पनि अनुभव गरिन्छ। ती तिता र मिठा अनुभव तथा परिस्थितिहरूलाई देहायका भजनहरूले कसरी उजागर गरेका छन् वा परमेश्वरमाथि अगाढ विश्वास भएकाहरूले आनन्दमात्र होइन भयाभव अवस्था वा परिस्थितिको पनि सामना गर्नुपर्छ भने नलुकाइ खुलासा गरेको पढ्नु होस्ः**

**भजन ३** "हे परमप्रभु, मेरा शत्रुहरू धेरै छन्। धेरै मानिसहरू मेरो विरूद्ध उभिएका छन्। २ धेरै मानिसहरूले मेरो विषयमा कुरा गर्छन्। तिनीहरू भन्छन्, "परमेश्वरले उसलाई बचाउनु हुन्न।" ३ तर, हे परमप्रभु, तपाईं मेरो ढाल हुनुहुन्छ। परमप्रभु तपाईं मेरो आदर हुनुहुन्छ। तपाईंले मलाई महान् बनाउनु भयो। ४ म परमप्रभुलाई प्रार्थना गर्नेछु र उहाँले मलाई आफ्नो पवित्र-पर्वतबाट उत्तर दिनुहुनेछ। ५ म ढल्केर आराम गर्न सक्छु, अनि जान्दछु म उठ्ने छु। किनभने परमप्रभुले मलाई ढाक्नु र रक्षा गर्नुहुन्छ! ६ मेरो वरिपरि हजारौं सिपाहीहरू हुन सक्लान्, तर म ती शत्रुहरूदेखि डराउने छैन! ७ हे परमप्रभु, उठ्नु होस्! हे मेरा परमेश्वर, मलाई बचाउनुहोस्! यदि तपाईंले मेरो दुष्ट शत्रुहरूको गालामा हिर्काउनु मात्र भयो भने तपाईंले तिनीहरूका सबै दाँत झारि दिनु हुनेछ। ८ हे परमप्रभु, विजय तपाईंको हो! आफ्ना मानिसहरू प्रति कल्याणकारी हुनुहुन्छ।"

भजन ३३:१-५" १ हे असल धार्मिक मानिसहरू परमप्रभुमा आनन्दित होऊ! उहाँको गुण गाउनु मानिसहरूका लागि राम्रो हुन्छ। २ वीणा बजाएर परमप्रभुको स्तुति गर! दश तारे साराङ्गी (वा गीतार) बजाएर परमप्रभुको भजन गाओ। ३ उहाँको निम्ति एउटा नयाँ गीत गाऊ। सुखमय सुन्दर वाद्यहरू बजाऊ! ४ परमेश्वरको वचन सत्य छ। उहाँले गर्नुभएको प्रत्येक कुरामा तिमीहरू भर पर्न सक्छौ। ५ परमेश्वर स्वच्छ हुनु मन पराउनु हुन्छ अनि राम्रो काम गर्नु हुन्छ। परमेश्वरको साँचो प्रेमले पृथ्वी भरिन्छ।

भजन १०९ "१ हे परमेश्वर, मेरो प्रार्थनाहरूको लागि कान नथुन्नु होला! २ दुष्ट मानिसहरूले मेरो बारेमा झूटा कुराहरू भनिरहेका छन्। तिनीहरूले भनेका कुराहरू सत्य होइनन्। ३ मानिसहरूले मेरो बारेमा उपेक्षामूलक कुराहरू गर्दछन्। मानिसहरूले विनाकारण ममाथि आक्रमण गर्दछन्। ४ मैले तिनीहरूलाई प्रेम गरें तर तिनीहरूले मलाई घृणा गरें। यसैले

अब म तपाईंलाई प्रार्थना गरिरहेछु। ५ मैले ती मानिसहरूको लागि राम्रो कामहरू गरें। तर तिनीहरूले मप्रति अनुचित कामहरू गरें। म तिनीहरूलाई प्रेम गर्छु तर तिनीहरूले मलाई घृणा गर्छन्। ६ मेरो शत्रुलाई उसको कुकार्यका लागि दण्ड दिनुहोस्। उनी गल्ती हुन भनी प्रमाण गर्ने मानिस खोज्नु होस्। ७ न्यायकर्त्ताले मेरो शत्रु गल्लीमा छन् भनेर निर्णय दिओस् अनि उसलाई दोषी प्रमाण गरोस्। मेरो शत्रुले भनेका सबै कुराहरू उनीहरूमाथि नै परोस्। ८ मेरो शत्रु चाँडै मरोस्। अर्को कसैले उसको स्थान पाओस्। ९ मेरो शत्रुका छोरा-छोरीहरू टुहुरा-टुहुरी होऊन र तिनका पत्नी विधवा होऊन्। १० तिनीहरूले आफ्ना घरहरू छोड्नु परोस् र तिनीहरू भिखारी भई जाऊन। ११ मानिसहरूले मेरो शत्रुको पैसा-रूपियाँ, जे-जति सम्पत्तिहरू छन सबै लगिदिवोस्। परदेशीहरूले उनले गर्ने काम सबै लैजाऊन्। १२ भरोसा गर्छु मेरो शत्रुप्रति कोही पनि कृपालु छैनन्। भरोसा गर्दछु कसैले पनि त्यसको नानीहरू प्रति दया दर्शाउँदैनन्। १३ मेरो शत्रुहरूलाई पूर्णरूपले ध्वंश गर्नोस्। अर्को आउने त्यसको सन्तानले चारैतिर बाट नाउँ सम्म हटाई दियोस्। १४ भरोसा छ परमप्रभुले मेरो शत्रुको पिताका पापहरूलाई स्मरण गर्नुहुनेछ। अनि भरोसा छ उसकी आमाले गरेका पापहरू कहिल्यै मेटिन्दैन्। १५ भरोसा छ परमप्रभुले ती पापहरू कहिल्यै बिर्सनु हुनेछैन। अनि शत्रुलाई पूर्ण प्रकारले भुल्नलाई परमप्रभुले मानिसहरूलाई वाध्य गर्नु हुनेछ। १६ किन? किनभने त्यस दुष्ट मानिसले कहिल्यै राम्रो काम गरेन। त्यसले कसैलाई प्रेम गरेन, त्यसले दीन-दुःखीको जीवन कठिन र असहाय बनाई दियो। १७ त्यस दुष्ट मानिसले अरूकोलागि नराम्रो होस भन्ने इच्छा गर्यो अनि सराप्यो। त्यसले कहिल्यै पनि अरूहरूको निम्ति राम्रा कुराहरू चिताएन। यसैले त्यसप्रति पनि राम्रो कुरा हुन नदेऊ। १८ सराप नै उसले लाउने लुगाहरू होस्। सराप नै त्यसको पिउने पानी बनियोस्। त्यो दुष्ट मानिसले शरीरमा लगाउने तेल नै सराप होस्। १९ सराप नै उसले कम्मरमा बाध्ने पटुका होस्। सराप नै उसको कम्मरमा बाँधिने पेटी होस्। २० भरोसा गर्छु कि परमप्रभुले सबै त्यस्ता कुराहरू मेरो शत्रु प्रति गर्नुहुनेछ। भरोसा गर्दछु कि परमप्रभुले सबै त्यस्ता कुराहरू जसले मलाई मार्ने प्रयास गरे मानिसहरूका लागि गर्नु हुनेछ। २१ हे परमप्रभु, तपाईं मेरो स्वामी हुनुहुन्छ। यसकारण त्यस्तो प्रकारले मलाई सद्ब्यावहार गर्नुहोस् जसबाट तपाईंको नाउँलाई सम्मान पुर्याउने छु। तपाईंसँग त्यस्तो महान् प्रेम छ, यसैले मलाई

बचाउनु होस्। २२ म खाली गरीब, असहाय मानिस हुँ। म वास्तवमा उदास छु, मेरो हृदय टुक्रा-टुक्रा भएको छ। २३ म यस्तो अनुभव गर्दछु कि मेरो जीवन अब शेष भइसक्यो, दिनको अन्तिम प्रहारको लामो छायाँ जस्तो। म आफूलाई बढारेर फ्याँकि जाने कीरा जस्तो लाग्छ। २४ मेरो गोडाहरू कमजोर छन् किनभने म भोको छु। मैले आफ्नो ओजन हराइसकें अनि दुब्लो भईरहेछु। २५ दुष्ट मानिसहरूले मलाई अपमान गरे। तिनीहरूले मलाई हेरे अनि टाउकाहरू हल्लाए। २६ हे परमप्रभु, मेरो परमेश्वर, मलाई सहयोग गर्नुहोस्! तपाईंको स्नेहपूर्ण करूणा दर्शाएर मलाई बचाउनु होस्! २७ तब ती मानिसहरूले बुझ्नेछन् कि तपाईंले मलाई सहयोग गर्नुभयो। तब तिनीहरूले जान्नेछन् कि यो मलाई सहायता गर्ने शक्ति तपाईंको हो। २८ ती दुष्ट मानिसहरूले मलाई सरापन् तर तपाईंले मलाई आशीर्वाद दिनुहुन्छ। तिनीहरूले मलाई आक्रमण गरे, यसकारण तिनीहरूलाई हराइयोस्। तब, तपाईं को दास, म खुशी हुनेछु। २९ मेरो शत्रुहरूलाई व्याकुल पार्नु होस्! तिनीहरूले लाजलाई कोट जस्तै लगाऊन्। ३० म परमप्रभुलाई धन्यवाद दिन्छु। म उहाँलाई धेरै मानिसहरूको समक्ष प्रशंसा गर्छु। ३१ किन? परमप्रभु असहाय मानिसहरूको छेउमा बस्नु वा उभिनु हुन्छ, परमेश्वरले तिनीहरूलाई अन्य मानिसहरूबाट बचाउनु हुन्छ जसले तिनीहरूलाई प्राण दण्ड दिने प्रयास गर्दछन्।"

परमेश्वरप्रति आस्था र भरोसा राख्ने समाजमा रहेका मानिसहरू मानव अनुभव पूर्णरूपमा भजनसंग्रहले खुलासा गरेका छन् साथै तिनीहरूको जीवनमा जुनसुकै परिस्थितिको सामना गर्नुपरेतापनि तिनीहरू परमेश्वरको निष्ठामा अडिग भएर उहाँको उपासना गर्न सक्छन् भनेर पनि भजनसंग्रहले प्रकट गर्दछ। कुन परिस्थिति वा अवसरमा परमेश्वरको आराधना गर्न सकिन्छ भनेर देहायका बुँदाहरूले देखाउँछः

अ. परमेश्वर सारा सृष्टिका सृष्टिकर्ता महाराजा हुनुहुन्छ। उहाँमा राजकीय शक्ति छ। उहाँ न्यायी र विश्वासिलो हुनुहुन्छ। उहाँको गौरब र यश गाउन रचिएका भजनहरू भजनसंग्रहमा रचिएका छन्।

आ. परमेश्वरले हामी बाँचौस् भनेर अनगिन्तियौं आशिषहरू दिनुभएको छ। त्यसप्रति अत्यन्तै आभारित भएर उहाँप्रति धन्यवाद व्यक्त गर्नुपर्दछ। भजनसंग्रहमा धन्यवाद व्यक्त गरेका धेरै भजनहरू छन्।

इ. दुःख, कष्ट, आतङ्कित र पीडादायी समस्याहरू आएको बेलामा परमेश्वरमा बिलौना प्रकट गर्ने भजनहरू गाएर उहाँबाट राहत तथा

उद्धारको अपेक्षा गर्दै गाउने भजनहरू।

ई. धार्मिक र उचित जीवन कसरी बिताउने भनेर व्यवहारिक नीति, निर्देशन र ज्ञानबुद्धि दिने ज्ञानवर्द्धक भजनहरू पनि समावेश भएको छ।

उ. शाही भजनहरू जसले ख्रीष्टलाई औंल्याउँछन्। उहाँ सारा विश्वब्रम्हाण्डका राजा हुनुहुन्छ र परमेश्वरका जनहरूको उद्धारकर्ता हुनुहुन्छ।

ऊ. ऐतिहासिक भजनहरू जसले इस्राएलको विगत समयहरूलाई याद दिलाउँछ। इस्राएलीहरूप्रति उहाँले गर्नुभएको विश्वासका उल्लेखनीय कामहरू पनि बताइएको छ। यसमा परमेश्वरसँग गरिएको इस्राएलीहरूको विश्वासघात पनि उल्लेख गरिएको छ। आउने पुस्ताहरूले पूर्खाका गलत कदमहरू नदोहोऱ्याउन् र परमेश्वरमा भरोसा राखेर उहाँको करारमा विश्वाससाथ अडिग भएर बसुन् भन्ने अर्तीहरू पनि यही भजनसंग्रहमा कोरिएको छ।

यो काव्यशैलीमा लेखिएको भजनसँग्रहले पाठक वर्गहरूका निम्ति विशेष शैलीहरू छन् जसले तिनीहरूको ध्यान उलेखनीय रूपमा खिँच्दछन्। अनुवाद गर्दा कतिपय काब्यशैलीका मिठासहरू हराएतापनि हाम्रो आफ्नै मातृभाषामा अनुवाद गर्दा केही न केही मिठासहरू व्यक्त गर्न सकिने भएकोले ती भजनसंग्रहका धेरै जसो रसहरूलाई हामीले सराहना गर्न सक्छौं। ती शैलीहरूमा केही यहाँ प्रस्तुत गरिएको छः

१. समानान्तर (पाराललीजम Parallelism)। कुनै पनि शब्दलाई बुझाउन खोज्दा विभिन्न शब्द, वाक्यांश र बिचारहरू उल्लेख गरेर त्यस शब्द वा भावनाको अर्थ खोल्न प्रयास गरिएको हुन्छ। यस समान्तार शैलीले शब्दको एकै अर्थ तर विभिन्न शब्दहरूले व्याख्या गर्न खोज्छ। उदाहरणमाः भजन १०३:१मा लेखिएको छ, "हे मेरो आत्मा, परमप्रभुको प्रशंसा गर! प्रत्येक मेरो अङ्गले उहाँको पवित्र नाउँको गुण-गान गरोस्।" यहाँ "मेरो आत्मा'"को अर्थ "मभित्र रहेको सबै थोक" वा मानिसको आत्मिक, शारीरिक, आत्मिक र मानसिक पक्षहरू भन्ने बुझाउँछ।

२. इमाजेरी Imagery ले पाठक वर्गको शारीरिक भावनाहरूलाई प्रभावकारीरूपमा बुझाउने प्रतिक, चित्रण वा काल्पनिक शब्दहरू हुन्।

उदाहरणमा भजन १७:८मा परमेश्वर हाम्रो शरणस्थान भनेको छ। तर त्यो प्रभावकारीरूपमा बुझाउन "उहाँका पखेटाहरूको छायाँमा" भनेको छ।

३. मेरिजम Merism दुई वैकल्पिक वा एक आपसमा उल्टो वा बाझिएका शब्दहरू उल्लेख गरेर व्यक्त गर्ने भावना। उदाहरणमा भजन ८८:१मा लेखकले "*दिन र रात* तपाईंको सामु रोइरहेको छु" भनेर उल्लेख गरिएको छ अर्थात् नरोकिकन रोइरहेको भन्ने बुझाउँछ।

४. शब्दखेलले हँस्यौली वा हल्का तरिकाले शब्द प्रयोग गरेर आत्मिक सन्देशलाई उल्लेखनीयरूपमा प्रस्तुत गर्दछ। उदाहरणमा भजन ९६:४,५मा Elohim इलोहिम जसको अर्थ "देवताहरू" र इलिलिम Elilim को अर्थ "मूर्तीहरू" भन्ने बुझाउँछ। राष्ट्रका देवीदेवताहरू Elohim इलोहिम भनेर मानेतपनि तिनीहरू केवल इलिलिम Elilimकात्र वा अजिव "मूर्तीहरू" हुन्।

५. अन्तमा आएर "सेला" शब्द प्रयोग गरिएको छ। यो छोटो अन्तराल शब्द हो। परिच्छेदको अंशमा यो शब्द प्रयोग गर्दा एक छिन रोकिनुपर्ने र परिच्छेदको अंशलाई एकछिन रोकेर त्यसप्रति मनन गर्नुपर्ने देखाउँछ। कुनै पनि सङ्गीतको भागको बिचमा एक छिन रोकेर अघि बढ्नुपर्ने बुझाउँछ (भजन ६१:४)।

## ४. प्रेरणादायी प्रार्थनाहरू

**प्रार्थनाको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँदछ? हेर्नहोस्,** "१ यी दाऊदका अन्तिम वचनहरू यिनै, यिशैका छोरा दाऊदको सन्देश हो यो। यो सन्देश तिनैको हो-जसलाई परमेश्वरले महान् बनाउनुभयो, जो याकुबको परमेशवरद्वारा छानिएका राजा जो इस्राएलको मधुर गीतका गायक। २ परमप्रभुको आत्माले मद्वारा बोल्नु भयो। उहाँका वचनहरू मेरो मुखमा थिए। ३ इस्राएलको परमेश्वरले भन्नु भयो। इस्राएलको चट्टानले मलाई भन्नुभयो, "जसले मानिसलाई न्यायपूर्वक शासन गर्छ, जसले परमेश्वरको सम्मान दिएर शासन गर्छ, ४ त्यस्ता व्यक्ति हुनेछ सूयोदय जस्तै; बादल नभएको बिहान जस्तै; पानी परेपछिको घाम जस्तै-जुन पानीले धर्तीमा कलिला घाँस उमार्छ।" ५ परमेश्वरले मेरा परिवारलाई शक्तिशाली र सुरक्षित बनाउनुभयो। उहाँले मसँग सधैंको निम्ति करार गर्नुभयो। परमेश्वरले त्यो करार अनुमोदन

गर्नु भयो र राम्रो बनाउनु भयो। अनि उहाँले मलाई विजय दिनुहुन्छ। म जे इच्छा गर्छु उहाँले त्यही पुऱ्याइदिनु हुन्छ। ६ तर दुष्ट मानिसहरू काँढा जस्तै हुन् मानिसले काँढा समात्दैनन् बरू कतै फ्याँक्छन्। ७ यदि कसैले त्यसलाई छोयो भने त्यसले भालाले जस्तै घोच्छ त्यो भाला काठको होस् कि फलामको साँच्चै, ती मानिसहरू काँढा जस्तै हुन्। तिनीहरूलाई आगोमा फ्याँकिन्छ र जलेर खारानी बन्छन्।" २ शमूएल २३:१-७; "२६ आत्माले नै हामीलाई हाम्रो कमजोरीमा सहायता गर्नुहुन्छ। हामीले कसरी प्रार्थना गर्नु पर्ने हो! जान्दैनौ। तर आत्माले गंभीर भावले परमेश्वरसँग हाम्रो पक्षमा प्रार्थना गरिदिनुहुनेछ जुन शब्दहरूमा वर्णन गर्न सकिंदैन। २७ परमेश्वरले हाम्रो हृदयमा के छ बुझ्न सक्नु हुन्छ किनभने आत्मा मानिसहरूका लागि परमेश्वरसँग उहाँकै इच्छाले बोल्नु हुन्छ। २८ हामी जान्दछौं कि परमेश्वरले प्रत्येक कुरामा तिनीहरूको भलाईको लागि गर्नुहुन्छ जसले उहाँलाई प्रेम गर्दछ। ती मानिसहरू हुन् जसलाई परमेश्वरले बोलाउनु भयो किनभने त्यो उहाँकै योजना थियो। २९ यो संसार बनाउन भन्दा अघिदेखि नै परमेश्वरले ती मानिसहरूलाई जान्नु हुन्थ्यो।अनि परमेश्वरले तिनीहरू आफ्नै पुत्र जस्तै होउन् भन्ने निर्णय गर्नुभयो। त्यसैकारण येशू धेरै दाज्यू-भाईहरू र दिदी-बहिनीहरूमा जेठो हुनुभयो। ३० परमेश्वरले ती मानिसहरूलाई आफ्नै पुत्र जस्तै होउन् भन्ने योजना गर्नुभयो। अनि परमेश्वरद्वारा बोलइएका तिनीहरूलाई पनि धर्मी बनाइयो। अनि परमेश्वरद्वारा धर्मी बनाइएका तिनीहरूलाई उहाँले महिमा पनि दिनुभयो।" रोमी ८:२६-३०।

इस्रायलीहरूलाई प्रार्थना र परमेश्वरको स्तुति प्रशंसा गर्न भजनसंग्रहले प्रेरणा दिएको थियो। परमेश्वरका आवाज र उहाँका जनहरूका आवाज भजनसंग्रहमा मिसिएका छन्। परमेश्वरसँग कस्तो जम्का सम्बन्ध भएको छ भनेर भजनसंग्रहले प्रस्तुत गरिएको छ।

भजनसंग्रहका लेखकहरूले परमेश्वरलाई यसरी सम्बोधन गर्दछन्, "मेरा परमेश्वर," "ओ प्रभु, स्वामी," र "मेरा राजा" भजन ५:२, ८४:३)। भजनसंग्रहका लेखकहरूले परमेश्वरले तिनीहरूको क्रन्दन सुनुन् भनेर यसरी सम्बोधन गर्दछन्, "तपाईंको कान थाप्नुहोस्" (भजन ५:१), "मेरो प्रार्थना सुन्नुहोस" (भजन ३९:१२), "मतिर हेर्नुहोस्" (भजन २५:१८), "मलाई जवाफ दिनुहोस्" (भजन १०२:२), र "मलाई उद्धार गर्नुहोस्" (भजन ६:४)। कोही मानिस जीवित परमेश्वरलाई प्रार्थना गरिरहेका छन् भनेर स्पष्टरूपमा ती

भावनाहरूले व्यक्त गर्दछन्।

भजनसंग्रहमा भएको प्रार्थना र प्रशंसाको उल्लेखनीय सौन्दर्यता र अनुरोधमा हाम्रो ध्यान जान्नु जरुरी छ। ती भजनहरू परमेश्वरको वचन नै हुन्। उहाँले नै धर्मीहरूलाई धर्मात्मा र शुद्ध प्रार्थना र प्रशंसा गर्न तिनीहरूको हृदयमा राख्नुहुन्छ। तिनीहरूले गर्ने हृदयका चित्कारहरू उहाँकै प्रेरणाद्वारा व्यक्त गरेका थिए। त्यसकारण, भजनहरूले परमेश्वरका जनहरूको उहाँसँगको सम्बन्धमा घनिष्ठता ल्याउँछ। पावलले रोमी ८:२६,२७मा यो पुष्टि गर्दछ, "हाम्रो कमजोरीमा पवित्र आत्माले हामीलाई सहयोग गर्नुहुन्छ। हामीले के प्रार्थना गर्नुपर्छ सो हामीलाई नै थाहा छैन। हाम्रो निम्ति पवित्र आत्मा आफैले परमेश्वरसँग पहल गर्नुहुन्छ। उहाँले नै हाम्रो निम्ति सुस्केराहरू हाल्दै परमेश्वरसँग बिन्ति चढाउनुहुन्छ, जुन सुस्केरा हामीले उच्चारण पनि गर्न सक्दैनौं। हाम्रा हृदयहरू खोतल्नु हुने परमेश्वरलाई पवित्र आत्माको दिमागमा के छ भनेर थाहा हुन्छ। पवित्र आत्माले नै परमेश्वरको इच्छा अनुसार सन्तहरूको निम्ति प्रार्थना तथा पहल गर्नुहुन्छ।"(रूपान्तरित)।

येशूले पनि भजनसंग्रहबाट उद्धृत गर्नुभएको थियो। जस्तै लूका २०:४२,४३मा उहाँले भजन ११०:१बाट सिधै उतार्नुभएको थियो, "-अब दाउद आफैले भजनसंग्रहको पुस्तकमा यसरी लेखिएका थिए; "प्रभुले मेरा प्रभुलाई भन्नुभयो," जबसम्म तिम्रा शत्रुहरूलाई तिम्रो पाउदानमा राखिदनँ तबसम्म मेरा दाहिने हाततिर बस्नु।" (रूपान्तरित)।

कतिपय भजनहरू विशेष ऐतिहासिक परिप्रेक्षहरूका उपज थिए र तिनीहरूलाई सम्बोधन गर्दै लेखेका थिए। भजनसंग्रहका लेखकहरू आफैको र इस्राएल राष्ट्रका अनुभवहरू समेतेर भजनहरू रचेका थिए। यसमा व्यक्त गरेका आत्मिक गहिर्‍याइले जीवनको विभिन्न परिस्थितिहरूलाई सम्बोधन गर्दछ। भजन संग्रह कुनै विशेष संस्कृति, धार्मिक, जातिय र लैंगिक सिमाभित्र छैन। जब तपाईं आफैं भजनसंग्रहबाट विभिन्न अंशहरू पढ्नुहुन्छ तब त्यसमा मानव जीवनका विभिन्न भावना, मिजास र अनुभवहरू व्यक्त गरेको पाउनुहुन्छ। त्यहाँ तपाईंले आशा, प्रशंसा, त्रास, रिस, दिक्दारी, दुःख, शोक आदिहरूलाई नलुकाइकन उजागर गरेका छन्। मानिसहरू जुन युगमा भएतापनि जहाँ भएतापनि वा जुनसुकै परिस्थितिमा भएतापनि माथि उल्लेख गरिएका भावनाहरूको सामना गरिनै रहेका हुन्छन्। हाम्रै अनुभवहरूका लवजमा भजनसंग्रह हामी सबैलाई बोल्दछ वा व्यक्त गर्दछ।

*येशू आफैंले भजनसंग्रहहरूलाई प्रयोग गर्नुहुँदा हाम्रो विश्वास तथा आस्थाको अनुभवमा तिनीहरूले कतिको महत्त्वपूर्ण भूमिका खेल्न सक्नेरहेछ भनेर हामीलाई कसरी बताउँछ?*

## ५. भजनसंग्रहको संसार

भजनसंग्रहका लेखकहरूका जीवन अत्यन्तै तलमाथि थियो। तिनीहरूको संसार खास गरेर आजको भन्दा फरक थिएन। तिनीहरू पनि दुःख, कष्ट र आनन्दको उपभोग गरेका थिए। यद्यपि, तिनीहरूको जीवनमा परमेश्वरले कस्तो ठाउँ लिएका थिए भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, भजन १६ "हे परमेश्वर, मेरो रक्षा गर्नुहोस्, किनभने म तपाईं माथि नै आश्रित छु। २ मैले परमप्रभुलाई भने, "हे परमप्रभु, तपाईं मेरो स्वामी हुनुहुन्छ, प्रत्येक असल कुराहरू मैले तपाईंबाट पाएँ।" ३ परमप्रभुले आफ्ना भक्तजनहरूका लागि पृथ्वीमा अनेक आश्यर्यपूर्ण कामहरू गर्नुभयो। परमप्रभुले आफ्नो स्नेहपूर्ण करूणा तिनीहरूलाई देखाउनु भयो। ४ तर जसले परमेश्वरलाई त्यागे र अन्य देवताहरू पुज्न थाले तिनीहरूले कष्ट पाउने छन्। तिनीहरूले मूर्तिहरूमा चढाएको रक्तबलिमा म सहभागी हुने छैन। म ती मूर्तिहरूको नाउँ समेत लिने छुइनँ। ५ अहँ, मेरो हिस्सा र मेरो कचौरा परमप्रभुबाट नै कपादान हुन्छ। हे परमप्रभु, तपाईं मेरो सहारा हुनुहुन्छ, तपाईंले मेरो भाग प्रदान गर्नुहुन्छ। ६ मेरो भाग आश्चर्यपूर्ण छ, मेरो उत्तराधिकार अति सुन्दर छ। ७ म परमप्रभुको प्रशंसा गर्छु, किनभने उहाँले मलाई असल कुरा सिकाउनु भएको छ। राती पनि, मलाई आन्तरिक अर्ती दिनुहुन्छ। ८ परमप्रभुलाई मैले सधैं आफू समक्ष राखेको छु र म उहाँको दाहिने तिरबाट कहिल्यै सर्ने छुइनँ। ९ मेरो हृदय र आत्मा यसैले आनन्दित हुनेछ। अनि मेरो शरीर पनि सुरक्षित रहनेछ। १० किन? किनभने परमप्रभु, तपाईंले मलाई चिहानमा छोडनु हुनेछैन। तपाईंले आफ्नो आज्ञाकारी भक्तजनलाई चिहानमा त्यसै कूहुन दिनुहुने छैन। ११ तपाईं मलाई बाँच्ने सही बाटो सिकाउनु हुनेछ। तपाईंसँग हुँदा सम्पूर्ण खुशी प्राप्त हुनेछ। तपाईंको दाहिनेपट्टि हुँदा सघै खुशी प्राप्त हुनेछ।"; भजन ४४:४-८ "हे मेरो परमेश्वर, तपाईं मेरो राजा हुनुहुन्छ। आदेश दिनुहोस् अनि याकूबका मानिसहरूलाई विजयतर्फ अगुवाइ गर्नुहोस्। ५ मेरो परमेश्वर, तपाईंको सहायताले गर्दा हामी आफ्ना शत्रुहरूलाई पछि धकेल्ने छौं। तपाईंको नाउँमा हामी तिनीहरूलाई कुल्चदै हिंड्ने छौं। ६ म मेरो धनु र तरवारमाथि भरोसा राख्दिन। मेरो

तरवारले मलाई बचाउन सक्दैन। ७ हे परमेश्वर, तपाईंले हामीलाई मिश्रबाट बचाउनु भयो। तपाईंले हाम्रा शत्रुहरूलाई लज्जित बनाएर राख्नुभयो। ८ हामीले दिनभरि नै परमेश्वरको स्तुति-गान गाएका छौं। अनि तपाईंको नाउँको प्रशंसा सदा सर्वदा गर्नेछौं!"; भजन ४६:१-३ " १ परमेश्वर हाम्रो बलको भण्डार हुनुहुन्छ। संकटको बेला उहाँबाट हामी सधैं सहयोग पाउन सक्छौं। २ यसैकारण भुइँचालो आए ता पनि पर्वतहरू समुद्रको गर्भमा झरे तापनि हामी डराउँदैनौ। ३ हामी भयग्रस्त छैनौं जब समुद्र आँधीले अन्धकार हुँन्छ र पर्वतहरू थर्किन्छन।"; भजन ४७ "१ हे सारा मानिसहरू हो ताली बजाऊ! परमेश्वर तिर आनन्दमय भएर चिच्याऊ! २ सर्वशक्तिमान् परमप्रभु भय योग्य हुनुहुन्छ। सारा पृथ्वीभरि नै उहाँ महान् राजा हुनुहुन्छ। ३ अन्य मानिसहरूलाई पराजित गर्न हामीलाई साथ दिनुभयो, उहाँले ती जातिहरूलाई हाम्रो अधीनमा राख्नु भयो। ४ परमेश्वरले हाम्रो निम्ति जग्गा रोजी दिनु भयो। उहाँले त्यो अचम्मको जग्गा याकूबको निम्ति रोज्नु भयो जसलाई उहाँले मन पराउनु भएको थियो। ५ नरसिंह र तुरहीको आवाजमा जयजयकार साथ उहाँ आफ्नो सिंहासनतर्फ जानुहुन्छ। ६ परमेश्वरको स्तुति-गान गर। स्तुतिहरू गाऊ, हाम्रा राजाको निम्ति स्तुति-गाऊ। ७ परमेश्वर सारा पृथ्वीको राजा हुनुहुन्छ। प्रशंसाको गीतहरू गाऊ। ८ परमेश्वर आफ्नो पवित्र सिंहासनमा बस्नुहुन्छ र सबै जाति-जातिहरूमाथि राज गर्नुहुन्छ। ९ सबै जाति-जातिका शासकहरू एकार्कीसित भेट गर्दछन्। अब्राहामका परमेश्वरको मानिसहरूसँग भेट गर्छन। सबै जातिका सबै शासकहरू परमेश्वरकै हुन। परमेश्वर ती सबैका सर्वोच्च अधिकारी हुनुहुन्छ।"; भजन ५७ "१ हे परमेश्वर, मप्रति कृपालु हुनु होस्। दयावान हुनुहोस् किनभने म तपाईंको शरणमा आएकोछु। जबसम्म कष्ट हराँउदैन म तपाईंको संरक्षणमा छु। २ म सर्वोच्च परमेश्वरलाई उहाँको सहयोगको निम्ति प्रार्थना गर्दछु अनि परमेश्वरले पूर्णतः मेरो हेरचाह गर्नुहुन्छ! ३ स्वर्गबाट उहाँले मलाई साथ दिनुहुन्छ र बचाउनु हुन्छ। उहाँले मलाई सताउने मानिसहरूलाई परास्त गर्नुहुन्छ। परमेश्वरले मप्रति आफ्नो स्नेहपूर्ण करूणा प्रकट गर्नुहुनेछ। ४ मेरो प्राण विपदमा छ। मेरा शत्रुहरू चारैतिर छन्। तिनीहरू तीखा भालाहरू र काँडाहरू जस्ता दाँत अनि तरवार जस्तो धारिलो जिब्रो लिएर मानिसहरूलाई सिंहहरू जस्तो गर्जनछन्। ५ परमेश्वर, तपाईं स्वर्गभन्दा पनि उच्च हुनुहुन्छ। तपाईंको महिमा पृथ्वी ढाकिएर फैलिन्छ। ६ मेरा शत्रुहरूले मलाई पासोमा पार्ने चेष्टा गरिरहेका थिए। तिनीहरूले मलाई

फन्दामा पार्न चेष्टा गरिरहेका छन्। ७ हे परमेश्वर, म तपाईंमा भरोसा राख्छु, जे हुन्छ त्यसको निम्ति म तयार छु। म गाउनेछु अनि तपाईंको प्रशंसाको निम्ति बाजा बजाउँछु। ८ हे मेरो प्राण जाग! वीणा र सितार घन्काएर संगीत प्रारम्भ गर! प्रभात फेरि लगाऊ। ९ हे मेरा स्वामी, म सबैको अघि तपाईंको प्रशंसा गर्छु। प्रत्येक जाति समक्ष तपाईंको विषयमा म स्तुति-गान गर्छु। १० तपाईंको स्नेहपूर्ण करूणा आकाश माथि-माथि भएको बादलहरूको उचाई भन्दा उच्च छ। ११ हे परमेश्वर तपाईं स्वर्गभन्दा पनि सर्बोच्च हुनुहोस्। उहाँको महिमाले सारा पृथ्वीलाई ढाक्नदेऊ।"; भजन ६२:५-१२ "मेरो प्राणले धैर्यतापूर्वक मेरो सुरक्षाको निम्ति परमेश्वरलाई पर्खन्छ। परमेश्वर मात्र मेरो आशा हुनुहुन्छ। ६ परमेश्वर मेरो किल्ला हुनुहुन्छ। उहाँले मात्र मेरो उद्धार गर्न सकनुहुन्छ। परमेश्वर मेरो सुरक्षाको ठाउँ हुनुहुन्छ। ७ मेरो गौरव र विजय परमेश्वरबाट आउँछ। उहाँ मेरो बलियो किल्ला र परमेश्वर मेरो शरणस्थान हुनुहुन्छ। ८ हे मानिसहरू! परमेश्वरमाथि सधैं भरोसा राख! तिमीहरूको सम्पूर्ण संकटहरू परमेश्वरलाई बताऊ। परमेश्वर हाम्रा शरणस्थान हुनुहुन्छ। ९ मानिसहरूले वास्तवमा सहयोग गर्न सक्तैनन्। तिमीले आफ्नो बचाऊको निम्ति मानिसहरूमाथि भरोसा राख्न सक्तैनौ। परमेश्वरको तुलनामा तिनीहरू केही पनि होइनन् फगत तिनीहरू पानीको वाफ हुन्। १० सामानहरुलाई खोस्नलाई आफ्नो शक्तिमाथि भरोसा नगर। चोरेर तिमीहरूले फाइदा पाउनेछौ भनेर नसोच। अनि जब तिमी धनाढ्य हुनेछौ, सहयोगको लागि धनीहरूमाथि आशा नगर। ११ परमेश्वर भन्नुहुन्छ, "एउटै चीज छ जसमाथि तिमीहरू निश्चय आधार लिन सक्छौ, अनि म विश्वास गर्छु, 'शाक्ति परमेश्वरबाट आउँदछ!'" १२ हे मेरो स्वामी, तपाईंको प्रेम साँचो छ। परमप्रभु, हरेक मानिसको काम अनुसार तपाईं उसलाई प्रतिफल अथवा दण्ड दिनुहुन्छ।"; भजन ८२ "१ परमेश्वर अन्य देवताहरूको सभामा उभिनु हुन्छ। उहाँ त्यस सभाको प्रमुख न्यायकर्ता हुनुहुन्छ। २ परमेश्वर भन्नुहुन्छ, "तिमीहरूले कहिले सम्म मानिसहरूलाई पक्षपाती न्याय गर्नेछौ? कहिले सम्म तिमीहरूले दुष्ट मानिसहरूलाई कुनै प्रकारको दण्ड नदिइकन छोडी दिन्छौं?" ३ "गरीब र टुहुरा-टुहरी मानिसहरूको रक्षा गर। ती गरीब मानिसहरूका अधिकारको रक्षा गर। ४ ती गरीब र असहाय मानिसहरूलाई सहयोग गर। दुष्ट मानिसहरूबाट तिनीहरूलाई बचाऊ। ५ "तिनीहरू के भइरहेछ त्यो पनि जान्दैनन्। तिनीहरू बुझ्दैनन्! तिनीहरू स्वयं गरिरहेका छन्, त्यो पनि बुझ्दैनन्, तिनीहरूको संसार तिनीहरूकै

**चारैतिर झरी सक्यो वा झर्दै गइरहेछ!" ६ म भन्दछु, "तिमीहरू देवताहरू हौ। तिमीहरू एकदम सर्वशक्तिमान परमेश्वरको छोराहरू हौ। ७ तर तिमीहरू मर्नेछौ जसरी अन्य अगुवाहरू मर्दछन्।" ८ हे परमेश्वर, उठ्नु होस्! तपाईं न्यायकर्त्ता हुनुहोस्। तपाईं सबै जातिहरूमा अगुवा हुनुहोस्।"; भजन १२१" १ सहायताको निम्ति म पहाडहरू तिर हेर्छु। तर मेरो सहायता कहाँबाट आउँछ? २ मेरो सहायता स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुबाट आउँछ। ३ परमेश्वरले पतन हुन दिनु हुनेछैन, तिम्रो संरक्षक निदाई जाने होइन। ४ इस्राएल को रक्षा गर्ने निन्द्रालु हुनुहुन्न। परमेश्वर कहिल्यै निदाउनु हुन्न। ५ परमप्रभु तिम्रो रक्षक हुनुहुन्छ, उहाँले आफ्नो महान् शक्तिद्वारा तिम्रो रक्षा गर्नुहुन्छ। ६ तिमीलाई दिउँसो घामले अनि राती जूनले हानि पुराउँदैन। ७ परमप्रभुले प्रत्येक संकटबाट तिम्रो रक्षा गर्नुहुन्छ। परमप्रभुले तिम्रो प्राणको रक्षा गर्नुहुन्छ। ८ "तिमी आउँदा र जाँदा परमप्रभुले रक्षा गर्नुहुनेछ। परमप्रभुले तिमीलाई अहिले र अनन्तसम्म सहयोग गर्नुहुनेछ!"**

भजनसंग्रहका लेखकहरूको संसारको केन्द्रविन्दु पूरै परमेश्वरमा भएको पाइन्छ; आफ्नो जीवनका सम्पूर्ण अनुभवहरू परमेश्वरमा समर्पण गरेका थिए। तिनीहरूको प्रार्थना र स्तुतिप्रशंसाहरू परमेश्वरमा नै अर्पित थिए। परमेश्वर सार्बभौम सृष्टिकर्ता हुनुहुन्छ, उहाँ सारा संसारका राजा र न्यायकर्ता हुनुहुन्छ। उहाँका भक्तजनहरूलाई तिनीहरूको आवश्यकता उहाँले नै उपलब्ध गराउनुहुन्छ। त्यसकारण, उहाँमाथि सदाकाल भरोसा राख्न सकिन्छ। उहाँका जनहरूका शत्रुहरूले पनि यो सोध्छन्, "जब परमेश्वरका जनहरू लडिरहेकोबेलामा तिमीहरूको परमेश्वर कहाँ छ?" (भजन ४२:१०)। परमेश्वरको उपस्थिति उहाँका जनहरूसामु सदा छ र उहाँ कहिल्यै पनि बिफल नहुनुभएको परमेश्वर हुनुहुन्छ। त्यसकारण, परमेश्वरका जनहरूको निम्ति उहाँ सधैं तिनीहरूको साथमा हुनुहुन्छ। अन्तमा यस संसार र सारा सृष्टिका जीवहरूले परमेश्वरको आराधना गर्नेछन् भन्ने भजनका लेखकहरूले जिकिर गर्दछन् (भजन ४७:१, भजन ६४:९)।

परमेश्वरमा केन्द्रित भएको जीवनको केन्द्रविन्दु उहाँको आराधना हो। जुन आराधना वा परमेश्वरको उपासना गर्ने संस्कार भजनका लेखकहरूको समयमा थियो आजको परिप्रेक्षमा बुझ्नेभन्दा मौलिकरूपमै फरक छ। बाइबलीय समयको संस्कार र संस्कृति वा सभ्यतामा प्रत्येक मानिस र समाजको जीवनको केन्द्रविन्दु स्वभावैले परमेश्वरको आराधना गर्नु थियो।

यसमा कुनै दुईमत छैन। त्यसकारण, परमेश्वरका जनहरूको जीवनमा भएका असल र खराबहरूलाई व्यक्त गरिन्दा आराधनाकै रूपमा गरिन्थे। परमेश्वरले भजन भजनमा लेखेका प्रार्थनाहरू सुन्नुहुन्छ। तिनीहरू जहाँ भएतापनि परमेश्वरले उहाँको आफ्नै शाश्वत समयमा जवाफ दिनुहुन्छ (भजन ३:४, १८:६, २०:६)।

परमेश्वर स्वर्गमा बस्नुहुन्छ भन्ने कुरालाई भजनका लेखकहरू सजग भएका थिए। फेरि त्यसैबखत उहाँ सियोनमा बस्नुहुन्छ जुन उहाँका जनहरूको पवित्र स्थान हो। एकै समयमा परमेश्वर टाढा र नजिक र सर्वव्यापि हुनुहुन्छ र उहाँको मन्दिर वा पवित्रस्थानमा पनि हुनुहुन्छ (भजन ११:४), उहाँ लुकिरहनु पनि हुन्छ (भजन १०:१) र उहाँ सबैको सामु खुला पनि हुनुहुन्छ (भजन ४१:१२)। उहाँको सामु नजिक र टाढा भन्ने हुँदैन। उहाँको सर्वव्यापकतानै उहाँ सत्य परमेश्वर हुनुभएको विशेषता हो (भजन २४:७-१०)। परमेश्वरको गतिशिलताले आत्मिक जगतमा तनाव ल्याउने परिस्थितिलाई भजनसंग्रहका लेखकहरूले बुझेका थिए। परमेश्वरको भलाइ र उपस्थितिप्रति तिनीहरू सजग भएकोले नै तिनीहरू जुनसुकै परिस्थितिमा गुज्रनुपरेतापनि उहाँमाथि आशा राखेर तिनीहरूले बल प्राप्त गर्न सकेका थिए। तिनीहरूलाई थाहा छ कि परमेश्वरले आफ्नै समयमा जहिले पनि हस्तक्षेप गर्नुहुनेछ भन्ने विश्वासमा भजनसंग्रहका लेखकहरू पर्खिन सकेका थिए।

***केवल हाम्रो अस्तित्वको सिमित पक्षहरूलाई लिएर परमेश्वरलाई हामी बुझ्न सक्दैनौं भनेर भजनसङ्ग्रहले हामीलाई कसरी बुझाउन खोजेको छ? तपाईंको जीवनको कुन भागहरू होला जसले तपाईंले नै प्रभुलाई टाढा राखिरहुनुभएको छ?***

**उपसंहार: थप जानकारी: एलेन जी. ह्वाइटद्वारा लिखित देहायका सामग्रीले यस अध्याय बुझाउँछ: *प्रोफेटस एण्ड किङ्गस* "द टेम्पल एण्ड इटस डेडिकेशन," पृ. २९१:२९२ र *मेसेजेज टु योङ्ग पिपुलको* "द बेनिफिटस् अभ म्युजिक" पृ. २९१,२९२**

भजनसंग्रहको पुस्तकमा १५० वटा भजनहरू छन् । ती भजनहरू पाँच पुस्तकहरूको समूह हो: पुस्तक १ (भजन १-४१), पुस्तक २ (भजन ४२-७२), पुस्तक ३ (भजन ७३-८९), पुस्तक ४ (भजन ९०-१०६) र पुस्तक ५ (भजन १०७-१५०)। बाइबलका पहिला पाँच पुस्तक वा पेन्टाटुकको समानान्तरमा भजनको पुस्तक पाँच समूहमा विभाजित गरिएको छ । यो पौराणिक यहूदी परम्परा अनुसार छ। भजनसंग्रह केवल दाउदलेमात्र लेखेको होइन । पहिला नै रहेका केही सङ्कलन गरेका भजनहरू यसमा समावेश भएको छ। उदाहरणमा, कराहिटका सङ्कलनहरू (भजन ४२-४९, ८४, ८५, ८७, ८८), आसाफीका सङ्कलन (भजन ७३-८३), उच्च हर्षोउल्लासका गीतहरू (भजन १२०-१३४), र हल्लेलुयाह भजनहरू (भजन १११-११८) । भजन ७२:२०ले दाउदका भजनहरूको सानो सङ्कलनलाई औंल्याउँछ।

प्रायजसो भजनहरू राजा दाउद र ई.पू. दशौँ शताब्दीमा राजाहरूको समयसँग गाँसिएको भएतापनि भजनसंग्रहको सङ्कलन देहायका शताब्दीहरूभरी रचिएका थिए: विभाजित राजाहरूको समयमा, निर्वासन र निर्वासन पछिको कालमा। अहिलेका भजनसंग्रहरू साना साना सङ्कलनहरूलाई एकै ठाउँमा राखेर एज्राको नेतृत्वमा राखिएका थिए भन्ने लोकप्रिय धारणा छ । नयाँ मन्दिरका सेवाकार्यहरूको स्थापनाको निम्ति ती भजनहरू एकत्रित पारेका थिए भन्न सकिन्छ ।

शास्त्रीहरूले भजनहरूलाई एकत्रित पारेर वर्तमान अवस्थामा रहेको भजनसङ्ग्रहको पुस्तक निकालेको भएतापनि यसको स्रस्ता परमेश्वर नै हुनुहुन्छ भन्ने कुरामा विवाद छैन । भजनका लेखकहरू जस्तै शास्त्रीहरू पनि परमेश्वरप्रति समर्पित सेवकहरू नै थिए। तिनीहरूको काम परमेश्वरबाटै निर्देशित भएको थियो (एज्रा ७:६,१०) । भजनसंग्रहमा परमेश्वर र मानिसहरूको मिलन स्वभावले मानव अवतार लिनुभएको येशूसँग ईश्वरीय मिलनसँग तुलना गर्न सकिन्छ । "तर बाइबलमा समावेश भएका परमेश्वरले दिनुभएका सत्यहरू मानवीय भाषामा व्यक्त गरिएका हुन्। यसले ईश्वरीय र मानवीय मिलनलाई प्रस्तुत गर्दछ। यो मिलन वा एकता येशूको स्वभावमा थियो । उहाँ परमेश्वरको पुत्र र मानिसको पुत्र हुनुहुन्थ्यो । यसरी बाइबलको बारेमा पनि यही सत्यता छ। ख्रीष्ट "वचन देहधारी हुनुभएको थियो र हाम्रो माझमा रहनुभयो ।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्ट्रोभर्सी*, पृ. ८ ।

**चिन्तनमनन्:**

अ. भजनसंग्रह ईश्वरीय-मानव प्रार्थनाहरू र स्तुतिहरू हुन् भन्नुको अर्थ के हो? यो धारणा गहिरो र बुझ्न गहिरो भएतापनि आफ्ना जनहरूको नजिक परमेश्वर आउन चाहनुहुन्छ भनेर त्यसले हामीलाई सहयोग गर्दछ? परमेश्वर मानव जीवन र हामी प्रत्येकको नजिक उहाँ हुनुभएको भजनहरूले कसरी प्रकट गर्दछ?

आ. तपाईंहरूकै जीवनमा भजनसंग्रहको उपादेयीता कसरी पाउनुभएको छ? कठिन परिस्थितिमा भजनसंग्रहबाट तपाईंले आशा र सान्त्वना कसरी पाउनुभएको थियो?

# कथा १

## साइमन (उत्तर भारत)

## असल सुरुवात



उत्तर भारतको एउटा सहरमा बस्ने साइमन दौडमा भाग लिन एकदम मन पराउँथ्यो। जमैकाका धावक उसान बोल्ट उसको निम्ति हिरो थियो। उनी संसारको सबभन्दा छिटो दगुर्ने धावकको नाउँमा प्रख्यात थियो। एक दिन उसान बोल्टले टेलिजनमा व्यक्त गरेका भावना साइमनले कहिल्यै पनि बिर्सेको थिए। "म नौ सेकेन्डमा दगुर्न चार वर्ष तालिम लिएको थिएँ," उसानले भनेका थिए। खेलाडीले केही सेकेन्ड दगुर्न मात्र धेरै वर्ष तालिम लिएको कुरा सुन्दा साइमन छक्क परेको थियो। दौडमा भाग लिन तालिम लिनै पर्ने रहेछ भनेर उसले महसुस गऱ्यो। धावक हुन तालिम लिनुपर्छ भनेर साइमनका बाबुआमाले पनि महसुस गरेका थिए। साइमनलाई उचित तालिम दिने स्कूलमा भर्नु गर्नुपर्छ भनेर तिनीहरूले निर्णय गरेर। आफ्नो सहर आनीमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा साइमनलाई भर्ना गर्न बाबुले निर्णय गरे तर साइमनकै निम्ति कुन स्कुल उत्तम होला भनेर उनले जान्न चाहेका थिए।

"साइमन ५ वर्ष भइसकेको छ, उसलाई कुन स्कुलमा राखे असल होला?" भनेर साइमनको बाबुले दाजुलाई सोधे। "यही हाम्रो ठाउँमा रहेको स्कुलमा भर्ना गर्नुपर्छ। यो स्कुल तिम्रो घर नजिक छ," भनेर दाजुले सल्लाह दिए। घरबाट स्कुल केवल दस मिनेट मात्र थियो। त्यसकारण, साइमनलाई स्थानीय सेभेन्थ-डे एडभेन्टस्ट स्कुलमा किन्डरगार्टेनमा भर्ना गरियो।

पहिलो दिनमा साइमन स्कुलमा जान चाहेन। आफ्नी आमासँग रूँदै ऊ स्कुल गयो। आमाले स्कुल छोडेपछि पनि ऊ कराइ नै रहे। आफ्नो कोठामा आमा नदेख्दा ऊ धेरै डराएको थियो। तर बिहानको आराधनामा भाग लिँदा उसको आँशु तुरन्तै सुकेको थियो। गुरु आमाहरूले बालबालिकाहरूलाई येशूको बारेमा गीत गाउन सिकाए। स्कुलको हेड मिसले बाइबलबाट कथा पढिन्। गीत र कथाहरूलाई साइमनले मन परायो। छोटो समयमा नै साइमनले अरू केटाकेटीहरूलाई साथी बनायो। तिनीहरूसँग कुरा गर्न, पढ्न र

घुलमिल गर्न पाउँदा साइमन खुशी भएको थियो। एक वर्षपछि साइमन एक क्लासमा गयो। त्यसपछि ऊ चार क्लास पुग्यो। त्यस स्कुलमा पढ्दा पढ्दै उसले इमान्दार हुने, दयालु हुने र सहयोगी हुने भावनाहरू सिक्यो। येशूले जस्तै असल हुन उसले सिकेको थियो। अनि, ऊ दगुर्न पनि सिक्यो।

एक दिन एक जना गुरुआमाले स्कुलका बालबालिकाहरूलाई यो सुनाइन्, "तिमीहरू दगुर्नुपर्छ किनकि यो तिमीहरूको स्वास्थ्यको निम्ति असल छ।"

अनि स्कुलमा हिँड्नुको सट्टा दिनदिनै दगुर्न थाल्यो। कहिलेकाहीँ स्कुलमा पहिला को पुग्छ भनेर आफ्ना साथीहरूसँग दगुर्दथ्यो। कहिलेकाहीँ घरबाट अलि अबेर भयो भने झन छिटो दगुर्थ्यो। स्कूलपछि साइमन साथीसँग पार्कमा घुम्न जान्थ्यो। केटाहरू ५-१० मिनेट दगुर्थे र थकाइ मार्थे। अनि फेरि आधा घन्टा दगुर्थे।

जब साइमन सुरुमा दगुरेको थियो, उसलाई गाऱ्हो भएको थियो। उसलाई धेरै गर्मी भएको थियो र पसिना पनि आएको थियो। धेरै महिना दगुरेपछि उसलाई आउने पसिना पनि हरायो र दगुर्नु पनि सजिलो भएको थियो। उसलाई दगुर्न मजा नै लागेको थियो। उसको मिजास पनि राम्रो भयो र होम वर्क पनि सजिलो भएको थियो।

शारीरिक कसरतको महत्त्वको बारेमा साइमनले सिक्यो। एलेन ह्वाइट भन्नुहुन्छ, "तिम्रो माँसपेशीहरू प्रयोग गर्न दिएको हो, निष्क्रिय हुन होइन। यदि तिमीले नियमित रूपमा व्यायाम गऱ्यौ भने तिम्रो दिमागलाई राम्रोसँग सन्तुलनमा राख्दछ। तिम्रा सोचबिचारहरू शुद्ध वा सफा हुन्छ, तिम्रो चरित्र धेरै राम्रो हुन्छ र निन्द्रा पनि सजिलैसँग आउँछ र तिमी स्वस्थ हुन्छौ। पवित्र सत्य आत्मज्ञान तिमीलाई स्पष्ट हुनेछ र तिम्रो नैतिक शक्ति पनि उच्च हुनेछ र तिमी फुर्तिलो पनि हुनेछौं," *टेस्टिमोनिज फर द चर्च, ठेली* ३, पृ. ३३५।

आज, साइमन २१ वर्ष भयो र विश्वविद्यालयमा अध्ययन गर्दैछ। स्कुलले नै उसलाई राम्रो विद्यार्थी हुन सहयोग गरेको थियो भनेर साइमनले बताउँछ। स्कुलमा नै उसले दगुर्न सिकेको थियो। उसले येशूको बारेमा स्कुल मै सिक्यो। उसले असल तालिम स्कुलमा पाएको थियो।

"यही स्कुलमा नै मलाई नैतिकवान र मर्यादा हुन मलाई परमेश्वरले सहयोग गर्नुभयो," भनेर साइमनले सुनायो।